पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २२ गते सोमबार ❑ 5 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सेती पुलको काम सुस्त

**रासस**
पोखरा, २१ बैशाख

तीनवर्षे ठेक्का अवधि सकिन चार महिना बाँकी रहँदा पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुलको भौतिक प्रगति जम्मा ४४.६६ प्रशित पुगेको छ।

पोखरा-मुग्लिन सडकमा पर्ने उक्त पुलको ठेक्का अवधि आगामी भदौमा सकिँदै छ। विसं २०७९ साउनमा निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो।

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख कृष्णबहादुर कुँवरले पुल बन्न अझै एक वर्ष लाग्ने बताउनुभयो। "मापदण्डभित्रका संरचना हटाउन खोज्दा अवरोध आएकाले सुरुको चरणमा निर्माणले गति लिन सकेन, पुलको डिजाइन स्वीकृत हुन पनि समय लाग्यो", उहाँले भन्नुभयो, "पुलका लागि चाहिने केबललगायत सामग्री विदेशबाट ल्याउनुपर्ने भएकाले काममा ढिलाइ भइरहेको हो ।" 'केबल-स्टेड' प्रविधिको उक्त पुलमा चारवटा जगको काम पूरा भएको उहाँले जानकारी दिनुभयो । तीनवटा



टावर निर्माण भइसकेको र एउटा निर्माणका क्रममा रहेको प्रमुख कुँवरले बताउनुभयो । आकर्षक डिजाइनमा बन्ने उक्त 'सिग्नेचर' पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ । छ लेनको उक्त सडकका अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा 'सिग्नेचर' पुल बन्ने प्रमुख कुँवरले बताउनुभयो।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो । भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको काम गरिरहेको हो । 'सिग्नेचर' पुल बनेपछि पर्यटकीय राजधानी पोखराको आकर्षण पनि बढ्ने छ । पुरानो प्रविधिको भन्दा अहिले बनाउन लागि पुल डिजाइनका हिसाबले आकर्षक रहेको जनाइएको छ । एक सय ९० मिटरको उक्त पुल निर्माणमा कङ्क्रिट र फलामको प्रयोग हुने प्रमुख कुँवरले बताउनुभयो । पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो । पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पोखराको सेती र तनहुँको मादी नदीमा सिग्नेचर पुल निर्माणाधीन अवस्थामा छन् । पचास वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक २०७८ साल वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको थियो । निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ । गण्डकी प्रदेशको 'लाइफ लाइन'का रूपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८२.९५ प्रतिशत र पश्चिम खण्ड (पोखरा-जामुने)मा ५०.३४ प्रतिशत पुगेको छ।

कुल ४१.४५ किमी दूरीको पूर्वी खण्डमा तीन किमीमात्र कालोपत्र हुन बाँकी छ । कुल ३८.८८ किमी दूरीको पश्चिम खण्डमा हालसम्म ३५.५ किमी एकतर्फी (दुई लेन) सडक कालोपत्र भइसकेको प्रमुख कुँवरले बताउनुभयो। "करिब तीन किमी सडक एकतर्फी कालोपत्र हुन बाँकी छ, १८ किमी दूरीमा दुईतर्फी नै कालोपत्र भइसकेको छ", उहाँले भन्नुभयो, "आउँदो असारभित्रमा ३० किमी दूरीमा दुईतर्फी नै कालोपत्र सक्ने लक्ष्य छ।"

## पोखरा कस्तो बनाउने भन्ने विषयमा सुझाव संकलन गर्दै कास्की काँग्रेस

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

नेपाली काँग्रेस कास्कीले पोखरा कस्तो बनाउने भन्ने विषयमा विभिन्न क्षेत्रसँग छलफल गरी सुझाव संकलन गरेको छ।

तीन तहका सरकार नयाँ आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम तयारीमा जुटिरहेका बेला पोखराको आवश्यकतालाई बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि आवश्यक लबिङ गर्न छलफल गरी सुझाव संकलन गरेको हो । कास्की काँग्रेसले पहिलो पटक वडा कार्यसमितिका सभापतिसँग छलफल गरेको थियो । दोस्रो पटक आइतबार पार्टीका महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिसँग छलफल गरी सुझाव संकलन गरेको छ। सोमबार पर्यटन तथा उद्योग व्यवसायीसँग छलफल गरिने छ । 'आवश्यकता बुझ्ने छौं, नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले भन्नुभयो, त्यसपछि तीन तहका सरकारसँग लबिङ्ग गर्ने छौं। सुझावका आधारमा पोखरा र गाउँपालिकाको आवश्यकता पहिचान हुने र त्यसै अनुसार अगाडि बढ्ने तयारी छ। सुझाव संकलन पछि पोखरामा आवश्यक भौतिक पूर्वाधार र जनताको प्रमुख आवश्यकता के छ त्यस बारेमा निष्कर्ष सहित तीन तहका सरकारसँग लबिङ्ग गरिने कास्की काँग्रेसका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो।

## अब सामाजिक न्याय र समृद्धिको पक्षमा मिलेर काम गरौँ: अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २१ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को एकता महाधिवेशनलाई आइतबार यहाँ सम्बोधन गर्दै उहाँले समाजवादका निम्ति सामाजिक न्याय र समृद्धिको पक्षमा सबै मिलेर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको हो । पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "मुलुकको आर्थिक विकासका लागि गैरआवासीय नेपालीहरूको भूमिका अतुलनीय छ, अबका दिनमा पनि नेपालको आर्थिक विकासमा तपाईंहरूको भूमिका थप महत्वपूर्ण हुने अपेक्षा गरेको छु।"

उहाँले आफ्नै नेतृत्वको सरकारले एनआरएनएलाई नागरिकता प्रदान गरेको उल्लेख गर्दै थप हितका निम्ति आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

अध्यक्ष दाहालले गैरआवासीय नेपालीको ज्ञान सीप नेपालको हितमा प्रयोग गर्न आग्रह गर्नुभयो। "एनआरएनसँग निकै ठूलो सञ्जाल, पर्याप्त अनुभव र स्रोतसाधन पनि छ । त्यो नेपालको आर्थिक विकासका निम्ति निकै ठूलो सहयोग पुग्छ।"

## बजेट ठोस र परिमाणमुखी ल्याइनुपर्ने

**रासस**
काठमाडौं, २१ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आगामी आर्थिक वर्षको बजेटबारे छलफल गरेको छ।

ललितपुर, च्याससलस्थित एमाले केन्द्रीय कार्यालयमा आइतबार बसेको सचिवालय बैठकमा आगामी आर्थिक वर्षको सन्दर्भमा छलफल भएको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो । उहाँले बैठकमा नेताहरूले बजेट ठोस र परिमाणमुखी हुनुपर्नेमा जोड दिएको बताउनुभयो । "मूलतः नीति तथा कार्यक्रमले भनेजस्तै बजेट पनि ठोस र परिमाणमुखी होस् । विगतमा योजनाको छनौट स्रोतको विन्यास र योजनाको प्राथमिकतामा भद्रगोल देखिएको छ," उहाँले भन्नुभयो,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मुस्ताङमा चार महिनामा ५१ हजार विदेशी पर्यटक

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ बैशाख

मुस्ताङमा सन् २०२५ को चार महिना ५१ हजार ८९६ विदेशी पर्यटक भित्रिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका अनुसार सन् २०२५ को जनवरी १ देखि अप्रिल अन्तिमसम्म उक्त सङ्ख्यामा विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन्।

एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले मुस्ताङमा विदेशी पर्यटकको आगमन अप्रत्याशित रुपले वृद्धि भइरहेको बताउनुभयो। सन् २०२५ को चार महिनामा सार्क राष्ट्रका ४३ हजार १५१ र अन्य राष्ट्रका आठ हजार ७४५ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका छन्। सन् २०२५ को जनवरीदेखि अप्रिलसम्म कुल विदेशी पर्यटक सङ्ख्याको ८३ प्रतिशत सार्क राष्ट्रको र १७ प्रतिशत अन्य राष्ट्रका पर्यटक मुस्ताङ भित्रिएका थिए । सन् २०२५ को जनवरीमा चार हजार ३४६, फेब्रुअरीमा पाँच हजार ३३०, मार्चमा १९ हजार ९५ र अप्रिलमा २३ हजार १५२ विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए। सन् २०२४ को जनवरीदेखि अप्रिलसम्म विदेशी पर्यटकको तथ्याङ्क हेर्दा सन् २०२५ को जनवरीदेखि अप्रिलसम्म (३६.६६) प्रतिशतले विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको हो । सन् २०२४ को सुरुआती चार महिनामा ३७ हजार ९७४ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेकामा सन् २०२५ को सुरुआती चार महिनामा ५१ हजार ८९६ जनाले मुस्ताङको भ्रमण गरेका छन् । मुस्ताङको ऐतिहासिक, धार्मिक, संस्कृति तथा सामाजिक सभ्यता अवलोकन गर्न उल्लेख मात्रामा विदेशी पर्यटक मुस्ताङ आउने गरेको मुक्तिनाथका होटल व्यवसायी सुरज गुरुङले बताउनुभयो। मुस्ताङमा बढी मात्रामा भारतीय पर्यटक आउने गरेका छन्। हिन्दू तथा बौद्धमार्गीहरूको साँझा धार्मिक तीर्थस्थल मुक्तिनाथको दर्शनका लागि छिमेकी देश भारतका विभिन्न स्थानबाट पर्यटक आउने गरेका छन् । मुस्ताङमा मुक्तिनाथ मन्दिरको दर्शनसँगै उपल्लो मुस्ताङको कोरलानाका, छोसेर गुफा, लोमान्थाङ दरबार, निफुक गुम्बा, लोघेकर (घर) गुम्बा, चराङ गुम्बा, लुरी गुम्बा, दामोदरकुण्ड, चिउसी गुफा, मुस्ताङ गेट, नुन खानी, कागबेनीधाम, ढुम्बाताल, जोमसोम बजार, मार्फा गाउँ, सेकुङ ताल र टिटी काललगायतको पर्यटकीय गन्तव्य रहेकाले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको घुमफिरको गन्तव्य बनेको हो।

## कक्षा १२ को परीक्षा सुरु


**रासस**
काठमाडौं, २१ बैशाख

माध्यामिक विद्यालय तहको कक्षा १२ को यसवर्षको वार्षिक परीक्षा आइतबारदेखि सुरु भएको छ । बिहान ८ बजेदेखि ११ बजे सञ्चालन भएको पहिलो दिनको परीक्षा शान्तिपूर्ण रुपमा सम्पन्न भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो।

आगामी जेठ २ गतेसम्म सञ्चालन हुने उक्त परीक्षामा देशभर एक हजार ५९० र जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको बोर्डले जानकारी दिएको छ । सबैभन्दा बढी काठमाडौँमा १६२ र मनाङ-मुस्ताङ जिल्लामा एक-एक केन्द्र निर्धारण गरिएको छ । परीक्षामा पाँच हजार २०२ विद्यालयका



नियमिततर्फ एक लाख ९८ हजार ८७५ छात्र र एक लाख ९७ हजार १३ छात्रा गरी तीन लाख ९५ हजार ९०८ परीक्षार्थी सहभागी छन् । त्यसैगरी आंशिकतर्फ एक लाख १५ हजार ६१७ जना गरी कूल पाँच लाख ११ हजार ५२५ परीक्षार्थीले परीक्षका लागि फर्म भरेको अध्यक्ष शर्माले जानकारी दिनुभयो । यस वर्ष सबैभन्दा कम मनाङबाट ४५ परीक्षार्थी सहभागी हुँदैछन् भने सबैभन्दा धेरै काठमाडौँबाट ६८ हजार १३३ परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । कारागार वा बाल सुधारगृहमा रहेका परीक्षार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको छ। यसैबीच, काठमाडौँ तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुस्थित एन्जल्स हार्ट सेकेन्डरी स्कुलको परीक्षा केन्द्रबाट ७३ वर्षीय सूर्यवती खनालले परीक्षा दिनुभएको छ। उहाँ तारकेश्वर-११ स्थित ग्रामीण आदर्श बहुमुखी क्याम्पसका विद्यार्थी हुनुहुन्छ । प्रवेशपत्रमा उहाँको जन्म विसं २००९ साउन ९ गते उल्लेख छ। चार छोराछोरीका आमा तथा तीन जना नातिनातिनाका हजुरआमा खनालले छोराछोरी हुर्किएका र पढ्न रहर भएपछि विद्यालय भर्ना भई नियमित पढाइ अगाडि बढाउनुभएको हो । उहाँले एसइई परीक्षा भने गोगङ्बुस्थित चेतना महिला माध्यामिक विद्यालयबाट उर्तीण गर्नुभएको थियो । उहाँका श्रीमान विद्यालयका शिक्षक हुनुहुन्छ।



# आर्मीलाई हराउँदै इरानी टोली फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख

इरानी टोली पोखरामा जारी प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।



लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको पहिलो सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गर्दै इरानी टोलीले फाइनलमा स्थान सुरक्षित गरेको हो। पहिलो सेट २०-२५ ले गुमाएको इरानी टोलीले दोस्रो, तेस्रो र चौथो सेटमा जित निकाल्दै फाइनलमा पुगेको हो । इरानी टोलीले दोस्रो सेट २५-२०, तेस्रो सेट २८-२६ र चौथो सेट २६-२४ को पुनरागमन जित दर्ता गऱ्यो । चौथो सेटमा १८-२१ को अवस्थालाई उल्टाउँदै इरानी टोलीले २६-२४ को जित निकाल्न सफल रहेको थियो।

दोस्रो सेमिफाइनल खेल नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बल (एपिएफ) बीच भइरहेको छ । पुलिस समूह 'बी' को विजेता र एपिएफ समूह 'ए' को उपविजेताको रुपमा सेमिफाइनलमा प्रवेश गरेको थियो । फाइनल खेल सोमबार हुनेछ।

प्रतियोगिताको विजेताले ४ लाख ४४ हजार ४४४ र उपविजेताले २ लाख ४४ हजार ४४४ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ। तेस्रो हुने टोलीले १ लाख ४४ हजार ४४४ पाउनेछ। सर्वोत्कृष्ट खेलाडीलाई १४ हजार ४४४ र विधागततर्फ उत्कृष्ट हुनेलाई समान ८ हजार ४४४ रुपैयाँ प्रदान गरिनेछ।



कोसेली घरको सामग्री देखाउँदै सञ्चालकद्वय उद्धमी :
पोखरा महेन्द्रपुलमा स्थानीय उत्पादन प्रवर्द्धन तथा नेपाली परम्परागत खाद्य वस्तुको संरक्षण गर्ने उद्देश्यका साथ सुरु गरिएको 'सृजना संसार कोसेली घर'को सामग्री देखाउँदै सञ्चालकद्वय उद्धमी। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ गण्डकीको १७ औं स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख

राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ गण्डकी प्रदेशले १७ औं स्थापना दिवसको अवसरमा शुभकामना आदान प्रदान, अन्तरक्रिया कार्यक्रम र जलपान गरी मनाएको छ।



नेपाली कांग्रेस गण्डकी प्रदेश सभाकक्षमा आज भएको उक्त कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)ले ब्यानरमा हस्ताक्षर गरी कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै प्रवक्ता बास्तोलाले प्रजातान्त्रिक पद्धतिमा सवै वर्गको समावेशी हुनुपर्ने धारणा नेपाली कांग्रेसले राखेको र कांग्रेस कमजोर भएमा विमुख बन्नुपर्ने अवस्था आउन सक्ने उल्लेख गरेका थिए। अपाङ्गहरुका व्यक्तिगत तथा संस्थागत समस्या नेपाली कांग्रेस गण्डकी प्रदेशमा राख्न अनुरोध गर्दै तत्कालै समाधान गर्ने र अन्य निकायबाट हुने समाधानको लागि सम्बन्धित निकायमा पुऱ्याएर सहयोग गर्ने वातावरण तयार पार्ने प्रवक्ता बास्तोलाले जानकारी गराएका थिए। त्यसैगरी राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ गण्डकी प्रदेशका अध्यक्ष शङ्करप्रसाद पराजुलीले प्रदेश तथा केन्द्र सरकारले अपाङ्गता भएका व्यक्ति र संस्थाहरुलाई समेट्न नसकेको भनाई रहेको थियो । "प्रदेश सरकारले अपाङ्गहरुलाई समेट्न नसकेको गुनासो राख्यौ, प्रदेश सरकारले नीति तथा योजनाहरु बनाउदाँ छलफल गरेर अगाडि बढ्ने आश्वासन पाएका छौ", उनले भने। त्यसैगरी केन्द्रीय सदस्य राधाकृष्ण गुरूङले सरकारमा रहेकाहरु नियमक व्यक्ति हरुनै अपाङ्ग मैत्री बन्नुभन्दा पनि शक्ति मैत्री बन्दा अपाङ्गहरुले पाउने सेवा सुविधाबाट बञ्चित बन्नुपरेको उल्लेख गरेका थिए। "जसको पहुँच छ, उसले कार्यक्रम र योजनाका नाममा लाखौं रकम लिन सक्ने तर कार्यक्रम प्रभावकारी छ, पहुँच छैन भने पैसा उठाएर कार्यक्रम गर्नुपरेको छ।" उनले भने। केन्द्रीय सदस्य गुरुङले गण्डकी प्रदेशले अपाङ्गता भएका व्यक्तिहरुको दक्षता अभिबृद्धिका कार्यक्रम ल्याएकोमा खुसी व्यक्त गर्दै तल्लो तह सम्म इमान्दारिता पूर्वक कार्यक्रम गर्न नियमन निकायलाई ध्यानाकर्षण गरेका थिए । अपाङ्गता भएका केही व्यक्तिहरुले खाली भाँडा थापेर पैसा माग्नु भन्दा व्यवसायीक रुपमा केही वेचेर, उपहार दिएर, आफ्नो कला कौशल प्रदर्शन गरेर सहयोग लिनु उत्तम हुने उनको धारणा रहेको थियो । नेपाली कांग्रेस गण्डकी प्रदेशका मुख्यसचिव पदम श्रेष्ठले अपाङ्गता भएका व्यक्तिहरुको समस्या, चुनौती र समाधानको बारेमा जानकारी गराएका थिए । अन्तरक्रिया कार्यक्रममा महाधिवेशन प्रतिनिधि परशुराम भट्ट, पूर्व केन्द्रीय सदस्य श्याम प्रसाद अर्याल, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ कास्कीका सभापति सुशिल गोदार, पर्वतका सभापति गणेश भुसाल, पोखरा १४ का सभापति सुजन बस्ताकोटीलगायतले अपाङ्गता भएका व्यक्ति र अल्पसंख्यकलाई एउटै कलष्टरमा राखेर निर्वाचन गरिनुले मर्कामा परेको, नेपाली कांग्रेसको विधान संशोधनको आवश्यकता रहेको, अपाङ्ग व्यक्तिहरुको राजनीतिक पहुँच बनाउन कानुनी सुधार, सामाजिक चेतना, राजनीतिक दलको सहयोगले अपाङ्ग समुदायको आवाज सशक्त बनाउने धारणा राखेका थिए । कार्यक्रममा कलाकारहरु दिलिप भण्डारीले सारङ्गी बजाएका थिए भने होमनाथ पौडेलले गीत गाएर आफ्नो प्रतिभा देखाएका थिए । भने १७ औं स्थापना दिवसको अवसरमा प्रमुख अतिथि माधवप्रसाद बास्तालाले केक काटेर अध्यक्ष शङ्करप्रसाद पराजुलीलाई खुवाएका थिए । राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ गण्डकी प्रदेशका महामन्त्री युवराज पराजुलीले सञ्चालन गरेको कार्यक्रम उपसभापति ताराप्रसाद तिवारीले स्वागत गरेका थिए भने प्रदेश अध्यक्ष शङ्करप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न भएको थियो।

# जिसस कास्कीको बालगृह संचालकसँग अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख

जिल्ला समन्वय समिति कास्कीले जिल्लामा संचालित बालगृहका संचालकहरूसंग आइतबार अन्तरक्रिया कार्यक्रम गरेको छ।



कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । प्रमुख पौडेलले सम्पूर्ण बालगृहमा कार्यरत मजदुर हरूलाइ अनिवार्य नियुक्तिपत्र सहित सरकारले तोकेको न्युनतम पारिश्रमिक प्रदान गर्न र सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने ब्यबस्था भए अनुसार सोही अनुसार कार्यगर्न आग्रह गर्नुभयो । पौडेलले बालश्रम रहित बालगृह बनाउन आग्रह गर्दै सुरक्षित र ब्यबस्थित बालगृह निर्माणका लागि आ आफ्नो क्षेत्रबाट कार्य सम्पादन गर्न आग्रह गर्नुभयो । उहाँले बालगृह सहित राज्यद्वारा नियन्त्रीत र निर्देशित सबै निकाय मानव अधिकारको पूर्ण पालना सहित श्रम ऐन, कानुन र निर्देशिकाको पूर्ण पालनामा थप गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो। श्रम कार्यालय पोखराका वरिष्ठ श्रम अधिकृत सुरेश ढकालले बालश्रम रहित प्रदेश बनाउनेतर्फ सबैजना केन्द्रित हुनुपर्ने भन्दै श्रम ऐन,न्युनतम पारिश्रमिक सहित र सबै कामदारलाई सामाजिक सुरक्षा कोषमा ल्याउनु पर्ने अन्यथा कानुन बमोजिम कारबाही हुने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद गण्डकीका प्रदेश समन्वय अधिकृत बद्री वाग्लेले कास्कीका बालगृहहरूको बर्तमान अबस्था र चुनौतीका बारेमा जानकारी दिनुभएको थियो।

राष्ट्रिय बाल अधिकार परिषद काठमाडौको समन्वय तथा सहकार्यमा आयोजित कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल र स्वागत उप प्रमुख सरिता माल तथा सहिजकरण जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

कार्यक्रममा कास्की जिल्लामा संचालित बालगृहका संचालकहरू, सरोकारवाला र नियामक निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागीता रहेको थियो।

# उत्कृष्ट खेल पत्रकारिता अवार्ड विजय नेपाललाई

पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख

'नवौं पोखरा स्पोर्टस् अवार्ड २०८१' अन्तरगत उत्कृष्ट खेल पत्रकारिता अवार्ड विजय नेपाललाई प्रदान गरिएको छ।



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबि आस्था मगरको अध्यक्षतामा आइतबार बसेको कार्यसमिति बैठकले प्रतिभा छनोट समितिको सिफारिस अनुमान गदै नेपाललाई अवार्ड प्रदान गर्ने निर्णय गरेको हो। प्रतिभा छनोट समितिको संयोजकमा मञ्चका पूर्व अध्यक्ष केशव पाठक र सदस्यहरुमा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, कास्की अध्यक्ष माधव बराल, पूर्व सम्मानित रोहितराज पराजुली एवं पदेश सदस्य मञ्चका अध्यक्ष एमबि आस्था मगर र महासचिव परशुराम शर्मा रहेका थिए।

मञ्चले यही वैशाख २६ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना गर्ने नवौं पोखरा स्पोर्टस् अवार्ड समारोहमा उनलाई ३५ हजार नगदसहित अवार्ड र सम्मानपत्र प्रदान गर्नेछ । सो अवसरमा वर्ष खेलाडीसहित विभिन्न ७ विधामा अवार्ड प्रदान गरिने मञ्चका महासचिव परशुराम शर्माले जनाए । मञ्चका पूर्व महासचिव रहेका पत्रकार नेपाल हाल राजधानी दैनिक, आदर्श समाज दैनिक र हिमालप्रेसमा कार्यरत छन्। पाल्पाको रिब्दीकोट-७, मैनादीमा जन्मिएका उनी बाबु शालिकराम नेपाल र आमा सीतादेवी नेपालका २ छोरामा जेठा हुन्। उनले अंग्रेजी साहित्यमा एमए र एलएलबी गरेका छन्।

करिब दुई दशकदेखि पोखरामा निरन्तर पत्रकारितामा क्रियाशील उनले दर्जनभन्दा बढी पुरस्कार एवं सम्मान पाएका छन् । युवा तथा खेलकुद मन्त्रालयद्वारा राष्ट्रिय खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार-२०७९ प्राप्त गरिसकेका उनलाई सहारा खेलकुद पत्रकारिता पुरस्कार-२०७५, 'विन्ध्यवासिनी गीतसंगीत पत्रकारिता पुरस्कार-२०७४', 'जितप्रसाद द्वा चलचित्र पत्रकारिता-२०८०' लगायतबाट पुरस्कृत गरिएको थियो । २०६२ सालतिर सञ्चार दर्पण साप्ताहिकबाट नियमित लेख्न थालेका उनले यस अवधिमा धेरै मिडियामा काम गरे । माइक्रोन्यूजमा विद्यार्थी पत्रकार हुँदै मिडियामा प्रवेश गरेका उनले यसअघि पोखरा हटलाइन, रेडियो वाराही, गोर्खा एफएम, स्टार एफएम, नमस्ते एफएम, पश्चिमाञ्चल एफएम, राइजिङ पोखरा, लुम्बिनी दैनिक, यो साता साप्ताहिक, प्राप्ति पत्रिका, रासस, समाधान दैनिक, लोकान्तर, सफलआवाजमा कार्यरत रहेको अनुभव छ। उत्कृट खेल पत्रकारिता अवार्ड यसअघि सन्तोष पोखरेल, विनोद लामिछाने, सन्देश श्रेष्ठ, केशव पाठक, दीपक परियार, सागरराज तिमिल्सिना र रोहितराज पराजुलीलाई दिइएको थियो।

# बजेट ...

"विगतमा भएको अव्यवस्थालाई चिर्दै बजेट आओस्। सङ्घीय सरकारले राष्ट्रियस्तरका योजनामा केन्द्रित हुनुपर्ने बाँकी योजना प्रदेश र स्थानीय तहलाई दिनुपर्ने भन्ने कुरामा जोड दिइएको छ।"

यसैगरी, बैठकले बजेट उत्पादन र उत्पादत्वमा केन्द्रित हुनुपर्ने नेताहरूले सुझाव दिएका छन् । उपमहासचिव ज्ञवालीले कृषि क्षेत्रका सघन क्षेत्र निर्माण गरेर किसानलाई जमिन, प्रविधि, बजार र बचतमा जोड दिँदै उनीहरूको आम्दानी बढाउने र मुलुकलाई आत्मनिर्भरतामा बढाउने गरी बजेट केन्द्रित हुनुपर्ने सुझाव प्राप्त भएको उहाँले बताउनुभयो । उपमहासचिव ज्ञवालीले बजेटमा 'जेन-जी' पुस्तालाई केन्द्रमा राखेर उद्यमशीलता, उद्यममा क्रियाशील बनाउँदै जेन-जीसँगैको सहकार्यमा सूचना प्रविधिको विकासलाई अगाडि बढाउन बैठकमा छलफल भएको बताउनुभयो। यसैगरी, बदलिँदो भूराजनीतिकले गर्दा अन्तरराष्ट्रिय सहयोग कटौती भएको र ठेक्का लागेका योजनामा दाताहरूले हात झिक्ने अवस्थाले गर्दा सरकारको दायित्व झन् थपिने भन्दै त्यसलाई ध्यानमा राखेर योजनाको प्राथमिकता गर्न पार्टीले सरकारलाई सुझाव दिएको उहाँको भनाइ छ।

# राष्ट्रकविको जन्मस्थानमा उद्यान निर्माण

पोखरापत्र संवाददाता
पोखरा, २१ बैशाख

राष्ट्रकवि माधव घिमिरको जन्मथल मर्स्याङ्दी गाउँपालिका-६ स्थित पुस्तुन बाहुनडाँडामा 'राष्ट्रकवि उद्यान र सालिक' निर्माण गरिएको छ।

गण्डकी प्रदेश, पर्यटन मन्त्रालयबाट रु २० लाख, सामाजिक विकास मन्त्रालयबाट रु चार लाख र मर्स्याङ्दी गाउँपालिकाबाट रु तीन लाखको लागतमा उद्यानको संरचना निर्माण गरिएको हो।

उद्यान निर्माण उपभोक्ता समितिका सचिव विष्णु गुरुङले उद्यानमा राष्ट्रकविको जीवन दर्शन, साहित्य साधना र राष्ट्रिय योगदानको प्रतीक राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार राष्ट्रकविले बाल्यकालमा खेल्नेबस्ने गरेको उपलटाउको चौतारा संरक्षण समेत भइरहेको छ। नवनिर्मित उद्यान तथा सालिकको राष्ट्रपति रामचन्द्र पौडेलले आज अनावरण तथा शुभारम्भ गर्नुहुने राष्ट्रकवि प्रतिष्ठान तथा उद्यान निर्माण उपभोक्ता समितिका अध्यक्ष लोकनाथ घिमिरले जानकारी दिनुभयो। राष्ट्रकविले नेपाली साहित्यमा पुऱ्याएको योगदान अतुलनीय रहेको र त्यही योगदानको स्मृति र सम्मानस्वरूप घिमिरेको जन्मथलोमा उद्यान निर्माण काम अघि बढाइएको उहाँले बताउनुभयो । राष्ट्रकवि माधव घिमिरेको जन्म १९७६ साल असोज ७ गते लमजुङ जिल्लाको मर्स्याङ्दी-६, बाहुनडाँडा पुस्तुनमा भएको थियो । नेपाली साहित्यमा गम्भीर साधनारत रहनुभएका घिमिरेले कविता, गीत, गीतिनाटक, निवन्ध, नाटक, बालसाहित्यलगायत विधामा विशिष्ट योगदान दिनुभएको थियो।

जीवनकालभरि उहाँले साहित्य सेवामार्फत राष्ट्रिय भावनालाई सशक्त बनाउनुभएको थियो । 'गौरी', 'मालती मङ्गले', 'राजेश्वरी', 'अन्तरक्रिया', 'भारती', 'सकुन्तला'लगायत कृतिहरू आज पनि नेपाली साहित्यका अमूल्य सम्पत्ति मानिन्छन्।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# राजनीतिक कार्यदिशा लिएको नीति र कार्यक्रम

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि सोमबारदेखि प्रतिनिधिसभामा छलफल हुँदैछ। राष्ट्रिय सभामा पनि छलफल हुनेछ। गठबन्धन सरकारको आ व २०८३/०८३ को नीति तथा कार्यक्रमले संविधान संशोधनलगायतको राजनीतिक कार्यदिशा समेटेको छ । त्यसैगरी रूपान्तरणकारी आर्थिक तथा सामाजिक कार्यक्रम अगाडि सारेको छ । अर्थतन्त्रका मूलभूत खम्बालाई सशक्त बनाउन नीतिगत, संस्थागत र संरचनागत सुधारका कार्यक्रम अगाडि बढाएको छ। युवाको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न पढ्दै कमाउँदैलगायत नेपालमा नयाँ कार्यक्रम ल्याएको छ। नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) को साझेदारीमा गत वर्ष सरकार गठन हुँदा वर्तमान सरकारको जग बनेको सातबुँदे सहमतिलाई सरकारको वार्षिक नीति तथा कार्यक्रममा समेटिएको छ। सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्दै अझ मजबुत बनाउन संशोधन गर्ने वाचा गरेको छ।

वर्तमान संविधान कार्यान्वयनको दशक पुगेको छ । दशक कार्यान्वयनको अनुभवले संविधानको समीक्षा समय आइसकेको हो । संविधानका सबल पक्षलाई अझ सुदृढ गर्ने र कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरी सच्याउने बेला आइसकेको हो। आमसहमतिका आधारमा संशोधनको प्रक्रिया अगाडि बढाउने सरकारको कार्यदिशा अब नीतिगत रूपमै संघीय संसदमा प्रवेश गरेको छ। नागरिक सर्वोच्चताको मूल पुँजी वर्तमान संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध निरङ्कुश शक्तिहरु सलबलाएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र विरुद्ध राजसंस्था पक्षधरले गरेका दुष्कार्य अमान्य छन् भन्ने सरकारको नीतिले बोलेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र व्यवस्थाविरुद्ध हुने अराजक गतिविधिको प्रतिवाद गरिने छ। स्वस्थ प्रतिस्पर्धा, सहकार्य र सहअस्तित्व हुने गरी राजनीतिक स्थायित्वप्रतिको प्रतिबद्धतासमेत लिपिबद्ध भएको छ। संघीय शासन प्रणालीमा सेवा प्रवाहको प्रभावकारिता अपरिहार्य छ। त्यसका निम्ति तिनै तहका सरकारबिच समन्वय र सहकार्य गर्ने प्रतिबद्धताले आगामी दिनमा सुशासन प्रवर्धनमा सहयोग पुग्न सक्ने छ। शान्ति प्रक्रिया समापन गरिनु बर्सौंअघिको कार्यसूची अझै अपुरो छ।

सङ्क्रमणकालीन न्यायका बाँकी कामलाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धताले विश्वासको वातावरण विकास गरेको छ। नीति कार्यक्रममा अनेक सपना देखाउने र त्यसलाई पूरा गराउन कनिका छरे झैँ बजेट छर्ने प्रियतावादी कार्यले अर्थव्यवस्थालाई विगतमा नोक्सानीमा लग्यो । पुँजीगत खर्च सुक्न गयो । विकास निर्माणको काममा अवरोध आयो । त्यसैले नयाँ नीति तथा कार्यक्रमले यथार्थको धरातल टेक्ने यत्न गरेको छ । विकास निर्माणमा देखिएका कमजोरीलाई सुधार गरिने भएको छ । त्यस क्रममा विकासको ढाँचामा परिमार्जनसमेत गरिने छ भने विगतमा गरिएको भौतिक पूर्वाधार क्षेत्रका परियोजनाको पुनः प्राथमिकीकरण गरिने छ । आयोजनाको स्रोतको आकलन गरी सम्पन्न हुन सम्भव नभएका परियोजनाका साथै त्रुटिपूर्ण परियोजना छन् भने तिनको खारेजसम्म गरिने भएको छ। यसले स्रोतका प्रभावकारितामा बढोत्तरी हुने देखिएको छ।

युवापुस्ता लक्षित गरी नयाँ स्टार्टअप कार्यक्रमलाई प्राथमिकता दिइने भएको छ । स्नातकभन्दा माथिको विद्यार्थीले काम गर्दै अध्ययन गर्ने सुविधा पाउने भएका छन् । तिनै तहको सरकारको समन्वयमा कृषि आधुनिकीकरण गरिने छ । यसबाट नयाँ रोजगारी सिर्जना हुने छ । विकास परियोजनाको दोहोरोपनले पनि स्रोतको प्रभावकारितामा समस्या उत्पन्न भएको थियो । संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीका विकास कार्यक्रम समन्वयात्मक रूपमा कार्यान्वयन गरिने नीतिले दोहोरोपनमा न्यूनीकरण हुने छ। दोहोरोपना हटाउन विकास कार्यक्रमका निम्ति संघ, प्रदेश र स्थानीय तहबिच एकीकृत परियोजना बैंक प्रणाली लागु गरिने छ। आर्थिक सुधार गर्न उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरी महत्वपूर्ण सुझाव पनि प्राप्त भइसकेको छ।

आयोगका सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता नीति तथा कार्यक्रममै परेको छ । विद्यालय शिक्षा, निजामती सेवा, भूमिसम्बन्धीलगायतका अति महत्वपूर्ण विधेयक यसै बजेट सत्रमा पारित गरिसक्ने प्रतिबद्धता छ। शिक्षकले गरेको आन्दोलन र सरकारंग भएको सहमतिलाई नीतिमा पारिएको छाहुलाक सेवालाई आधुनिकीकरण गरिने, डिजिटल नेपाल फ्रेमवर्क प्रभावकारी कार्यान्वयन गर्ने, आर्टिफिसियल इन्टिलिजेन्सको कानुनी संरचना तयार पार्ने कार्यक्रम महत्वपूर्ण छन् । विगतको भन्दा छोटो र कम नारा भएको नीति तथा कार्यक्रम बजेटमा कसरी आउँछ त्यसैमा निर्भर रहन्छ । गठबन्धन सरकार भएको हुँदा मुख्य दुई ठूला दलका नेतृत्वको सहमतिमा आएको हुँदा विपक्षीको विरोध रचनात्मक हुन सकेमा अझ प्रभावकारी कार्यान्वयन गर्न तदनुकूलको बजेट ल्याउनुपर्ने हुन्छ ।नीति अनुसारको अनुशासित बजेट आएमा जनतामा विश्वास जाग्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# स्याङ्जाका पत्रकारको स्वास्थ्य परीक्षण




**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ बैशाख

विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा स्याङ्जामा पत्रकारहरुको स्वास्थ्य परिक्षण गरिएको छ।

नेपाल पत्रकार महासंघ स्याङ्जा शाखाको आयोजना, वालिङ नगरपालिकाको सहयोग र गह्रौं प्राथमिक अस्पताल वालिङको प्राविधिक सहयोगमा शनिबार गह्रौं प्राथामिक अस्पतालमा पत्रकारहरुका लागी नसर्ने रोग, आँखा परिक्षण तथा महिला पत्रकाहरुका लागी पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गरिएको हो । शिविरमा वालिङ नगरपालिका उपप्रमुख कविता तिवारी गैह्लेले स्याङ्जाको पत्रकारीता विकास र दक्षताका लागी वालिङ नगरपालिका सँधै साथमा रहेको बताइन् । वालिङ स्याङ्जाको केन्द्र हो उपप्रमुख गैह्लेले भनिन्,' नगरको विकासका लागी पत्रकारहरुको सुझावको पनि आवश्यकता देखेका छौं।' जनप्रतिनिधिले नदेखेका धेरै विषय पत्रकारहरुको आँखाबाट देख्ने भएकाले नगरको विकासका लागी पत्रकारहरुको अमुल्य सुझाव र सल्लाहका साथ हामी अगाडि बढ्नेछौँ उनले भनिन् । वालिङको छुट्टै गरिमा र पहिचान गरेकाले यसको साख बचाउँदै थप उचाईमा पुऱ्याउन तथा नगरका सकरात्मक कार्यहरुहरुलाई आम नागरिकसमक्ष पुऱ्याउन र कमीकमजोरी औँल्याउन पनि पत्रकारहरुले भुमिका खेल्ने उपप्रमुख तिवारीको भनाई थियो।

कार्यक्रममा गह्रौं प्राथमिक अस्पताल वालिङका अध्यक्ष तथा वालिङ नगरपालिका निर्वतमान प्रमुख दिलिपप्रताप खांणले राज्यको चौँथो अंगको रुपमा रहेको पत्रकारिता स्वतन्त्र हुनुपर्ने बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश सदस्य श्रीकृष्ण सिग्देल, वालिङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेलगायतले पत्रकारहरुप्रति पछिल्लो समय सामाजिक सञ्जालहरुमा आक्रमण भईरहेको भन्दै यसका लागी पत्रकारिताको छवि पनि स्वास्च्छ राख्न आवश्यक रहेको बताए । नेपाल पत्रकार महासंघका अध्यक्ष प्रदिप कोईरालाले विश्व प्रेस स्वातन्त्रता दिवसका अवसरमा नसर्ने रोगसंगै आँखाको जाँच समेत थप गरेर यो शिविरको आयोजना गरिएको भन्दै सँधै समाज र राष्ट्रको शुसासन र स्वास्थ्यको चिन्ता गर्ने पत्रकारहरुले आफ्नै स्वास्थ्यलाई पनि ख्याल गर्नुपर्नेमा जोड दिए। नेपाल सरकार स्वास्थ्य मन्त्रालयले महिला पत्रकारहरुका लागी पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्ने तथा नसर्ने रोगहरुको परिक्षण गर्ने परिपत्र नेपाल पत्रकार महासंघको केन्द्रिय कार्यालयलाई गरेकाले महासंघ स्याङ्जा शाखाले यो शिविरको आयोजना गरेको बताए। सधै रिपोर्टिङमा मात्रै खटिनुपर्ने पत्रकारहरुलाई स्वास्थ्य शिविरबाट स्वास्थ्य परिक्षणको शिविरको आयोजना स्वागतयोग्य रहेको उपाध्यक्ष माधव गैह्रे र सहसचिव कला रानाले बताए। कार्यक्रममा ७ जना महिला पत्रकारहरुको पाठेघरको मुख क्यान्सरको स्क्रिनिङ, २४ जना पत्रकारहरुले आँखा, मुटु, सुगर, उच्च रक्तचाप, मृगौलाको परिक्षण गराएका छन् । शिविरमा गह्रौं प्राथामिक अस्पतालका विशेषज्ञ डाक्टर सुमन थपलिया, मेडिकल अधिकृत डा. रोशन रेग्मी, अस्पताल नर्सिङ निरिक्षक भोजकुमारी शर्मा, ल्याब असिष्टेन्ट निरिक्षक इश्वर कोईरालालगायतको टोलीले सेवा दिएका थिए।

# चन्दा सङ्कलन गरेर किरियाघर निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ बैशाख

बागलुङ बजारस्थित उपल्लाचौरका स्थानीयले चन्दा सङ्कलन गरी किरियाघर निर्माण गरेका छन् । दुःखद क्षण र काजकिरिया गर्न समस्या भएपछि बागलुङ नगरपालका-४ उपल्लाचौरका स्थानीयले सामुदायिक किरियाघर निर्माण गरेका हुन्।

करिब रु २३ लाखको लागतमा निर्माण गरिएको भवनमा बास बस्न तीन वटा कोठा, तीन वटा शौचालय र तीन ठाउँमा पूजा गर्न, पिण्ड चढाउन मिल्ने सत्तल निर्माण गरिएको छ । यो भवन निर्माणका लागि नागरिकस्तरबाट स्वतःस्फुर्त रूपमा चन्दा सङ्कलन गरिएको हो। सामुदायिक भवनबाट काजकिरिया गर्न सबैका लागि सहज बनाउने उद्देश्यले चन्दा सङ्कलनमार्फत किरियाघर निर्माण गरिएको समितिका अध्यक्ष हरिबहादुर जिसीले बताउनुभयो । उहाँका अनुसार मृत्युपश्चात् गरिने काजकिरियामा सहयोग पुऱ्याउने उद्देश्यले किरियापुत्री बसेर सहज रूपमा आवश्यक कर्म गर्न सकुन् भनेर भवन निर्माण गरिएको हो।

"उपल्लाचौरमा घर भएका, भाडामा बस्ने र विपन्न गरिब नागरिकलाई काजकिरिया कर्म गर्न सहज होस् भन्ने उद्देश्यले सुविधा सम्पन्न किरिया भवन निर्माण गरिएको हो", अध्यक्ष जिसीले भन्नुभयो, "बागलुङ-४ वडा कार्यालयको रु एक लाख ३६ हजार र अन्य रु २१ लाख ६४ हजार चन्दा सङ्कलनमार्फत भवन निर्माण भएको छ । साथै दुई सय ८७ जनाले रु पाँच हजारका दरले सहयोग गर्नुभएको छ । केहीले रु एक हजार, दुई हजार पनि सहयोग गर्नुभएको छ।"

स्थानीय सामुदायिक वनको जग्गामा भवन निर्माण गरिएको छ । विसं २०७७ मा निर्माण सुरु गरिएको भवन कोरोना महामारीका कारण रोकिएर अहिले सम्पन्न भएको हो । आर्थिक सामाजिक हिसाबले कमजोर भएका कोही पनि काजकिरिया गर्नबाट बञ्चित हुन नपरोस् भनेर भवन निर्माण गरिएको समितिका सचिव रामकाजी भण्डारी बताउनुभयो।

उहाँका अनुसार उपल्लाचौरमा सहरीकरण बढ्दै गएपछि वडारचौरमा रहेका सत्तलमा किरिया गर्न नदिएपछि सामुदायिक भवन निर्माण गरिएको हो । उपल्लाचौरमा ग्राणीम क्षेत्र धम्जा, भीमापोखरा लगायतका क्षेत्रबाट आएर बसोबास गर्नेको सङ्ख्या धेरै छ। गाउँको जग्गा जमिन बिक्री गरेर आएकाहरूको गाउँ जाने ठाउँ पनि नभएपछि यो भवन प्रभावकारी विकल्प बन्ने विश्वास लिइएको छ।

# व्यवसायीक कलाकार संघमा पुन

**विशाल गाहा मगर/सागर परियार**
पोखरा, २१ बैशाख




नेपाल व्यवसायिक कलाकार संघ, कास्कीको शनिवार पोखरामा सम्पन्न भएको भेलाले टेकबहादुर पुनको अध्यक्षतामा ११ सदस्यिय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

संघको उपाध्यक्षमा रुबिन क्षेत्री, सचीव उज्वल नेपाली, सहसचीव दिलिप बोहोरा, तथा कोषाध्यक्ष सन्तोष गोतामे, चुनिएका छन्।

यसैगरी कार्यसमिती सदस्य हरूमा भुवन गुरुङ्ग, हरिनारायण श्रेष्ठ, शेरबहादुर राई, राजु भुजेल, विजयकुमार राई र कुलप्रसाद बस्ताकोटी छानिएका छन् । सल्लाहकारहरुमा तिर्थराज सुवेदी र शरण ताम्राकारलाई मनोनित गरिएको छ। भेलामा नेपाल व्यवसायिक कलाकार संघका केन्द्रीय महासचिव बाबुराम बस्ताकोटी, पूर्व केन्द्रिय महासचीव तथा केन्द्रिय संगठन विभाग प्रमुख तिलक पुन तथा केन्द्रिय सदस्य प्रेम बिक लगायतले व्यवसायिक कलाकारको हक हित संरक्षण अधिकारका विविध विषयमा आआफ्ना भनाई राखेका थिए।

संघको राष्ट्रिय महाधिवेशन यही बैशाख २७ गते ललितपुरमा आयोजना गरिएको बताईएको छ।(विद्यार्थी पत्रकार)

# स्याङ्जामा १ सय ९७ जना क्षयरोगी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ बैशाख

आर्थिक वर्ष २०८१/८२ को हालसम्मको विवरण अनुसार जिल्लाभित्र १ सय ९७ जना क्षयरोग संक्रमित फेला परेका छन् । प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले जिल्लामा क्षयरोगका बिरामीहरूको तथ्याङ्क सार्वजनिक गर्दै जिल्लामा उक्त संख्यामा क्षयरोगी फेला परेको जनाएको छ।

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा अध्यावधिक भएको तथ्यांक अनुसार क्षयरोगीको संख्या १ सय ९७ पुगेको हो । सबैभन्दा धेरै संक्रमित वालिङ नगरपालिकामा भेटिएको जनस्वास्थ्य कार्यालयका क्षयरोग निरीक्षक मनिष कुमार महतोले जानकारी दिए। उनका अनुसार वालिङमा संक्रमितको संख्या ४४ छ । सार्वजनिक तथ्याङ्क अनुसार चापाकोटमा ३७, भीरकोटमा ३१, गल्याङमा २८ जना क्षयरोगी रहेको जनाइएको छ । यसैगरी पुतलीबजार नगरपालिकामा संक्रमितको संख्या १६ रहेको छ । नगरपालिकाको तुलनामा गाउँपालिकाहरूमा क्षयरोगको कम प्रभाव देखिएको छ।

प्रदेश जनस्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार गाउँपालिका तर्फ बिरुवामा १६, अर्जुनचौपारीमा १०, कालिगण्डकीमा ७ जना, फेदीखोलामा ४, आँधीखोलामा ३ जना र हरिनासमा १ जना संक्रमित फेला परेका छन् । पछिल्लो वर्ष मात्रै क्षयरोगबाट ७ जनाको मृत्यु भएको छ । पुतलीबजारमा ४,वालिङ,गल्याङ र आँधीखोलामा १/१ जना गरि ७ जनाको मृत्यु भएको हो । बिसिजी खोप लगाउने, वातारणीय सरसफाइमा ध्यान दिने, पोषणयुक्त खानेकुरा खाने, धुम्रपान, मद्यपान नगर्ने, भीडभाड, धुलो धुँवा भएको ठाउँमा जाँदा मास्क लगाउने, क्षयरोगबाट संक्रमितले उत्सर्जन गरेका विकार वस्तुको सही व्यवस्थापन गर्ने र गाइभैंसीको दूध राम्ररी उमालेर मात्र सेवन गर्ने गरेमा क्षयरोगबाट बच्न सकिने जनस्वास्थ्य कार्यालयका प्रमुख केशव चापागाईंले जानकारी दिए । नियमित खोकी लाग्नु, रुघाखोकी हुनु, खकारमा रगत देखा पर्नु, साँझपख ज्वरो आउनु, राति सुतेको बेलामा पसिना आउनु, तौल घट्दै जानु, खाना नरुच्नु क्षयरोगीमा देखिने लक्षण हुन् । क्षयरोगको संक्रमणबाट बच्न नियमित रुपमा स्वास्थ्य जाँच गर्नुपर्नेमा जनस्वास्थ्य कार्यालयले जोड दिएको छ।

# नीति एकेडेमीमा वेव डिजाइन एवं डेभलपमेन्ट तालिम शुभारम्भ

**विनिता गाहामगर/सविना कुँवर**
पोखरा, २१ बैशाख

पोखरा महानगरपालिका वडा नं ८ को आयोजना तथा नीति एकेडेमी पोखरा-९ को सहकार्यमा वेव डिजाइन एवं डेभलपमेन्ट तालिम आइतबारदेखि सुरु भएको छ। १५ दिनसम्म सञ्चालन हुने तालिममा १५ जना सहभागी छन् । उनीहरुलाई नीति एकेडेमीका प्रमुख प्रशिक्षक डम्मर खडायतले तालिम प्रदान गर्नेछन्।

एआई टुल्समार्फत कार्यक्रम शुभारम्भ गर्दै पोखरा-७ का वडाध्यक्ष राममोहन आचार्यले वर्तमान समयलाई ध्यानमा राखेर आयोजित तालिम निकै उपयोगी हुने विश्वास व्यक्त गरे । उनले वेव डिजाइन तालिमले युवालाई आत्मनिर्भर बनाउने र रोजगारीको नयाँ ढोका खोल्ने, व्यवसायीलाई आफ्नो व्यापार प्रवर्द्धन गर्न सघाउने विश्वास व्यक्त गरे।

उनले आफैलाई उदाहरण दिँदै भने, 'मसँग आइफोन छ तर सामान्य कामबाहेक मैले अरु चलाउनै जानेको छैन, अब यससम्बन्धमा हामी जानकार हुन आवश्यक छ।'

कार्यक्रमका अध्यक्षसमेत रहेका पोखरा-८ का वडाध्यक्ष रुद्रनाथ बरालले वर्तमान समयलाई ध्यानमा राखेर तालिम आयोजना गरिएको बताए। उनले भने, "हामी अब डिजिटल युगमा छौँ, जहाँ सिप नै शक्ति हो, तालिममा सहभागी भएकाहरुले सिकेका सीपहरु भोलिका उद्यमी, डिजाइनर र विकासकर्ताको जग बन्नेछन्।" डिजिटल प्रविधिको विकाससँगै प्राविधिक सीपमा दक्ष बनाउन पनि तालिम महत्वपूर्ण हुने वडाध्यक्ष बरालको विश्वास छ।

नीति एकेडेमीका अध्यक्ष माधव पोखरेलले वर्तमान समयमा वेव डिजमाइन तालिम जो कसैलाई आवश्यक पर्ने भएकाले आफूहरुले वडासँग मिलेर तालिम आयोजना गरेको बताए । तालिमका लागि तालिम आयोजना नगरिएको भन्दै उनले तालिमले विद्यार्थीलाई धेरै कुरा सिकाउने र व्यवसायिकतातर्फ उन्मुख गराउने विश्वास व्यक्त गरे।

वडाध्यक्ष बरालको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा-८ का वडासदस्य गोविन्द बराल, वडासचिव झंकनाथ पौडेल, नीति एकेडेमीका प्रमुख प्रशिक्षक डम्मर खडायत, पत्रकार हरि पन्तलगायतले बोलेका थिए । (विद्यार्थी पत्रकार)


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला, साविक ढोरफिर्दी गा.वि.स वडा नं ०६, हाल शुक्लागण्डकी नगरपालिका वडा नं. १० बस्ने भारतीय भु.पु.सै.नं ५४३९३४४, दर्जा हनेरी नायव सुवेदार, पल्टन २/५ जि.आर का जंग बहादुर गिरीको श्रीमती सिता देवी गिरीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर सिता देवी गिरी, जन्ममिति २०४५।०१।०५ मा ३७ वर्ष जस अनुसार वि.सं २००८।०१।०५ उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर सिता देवी गुरुङसेनी, जन्ममिति सन् ५ नोभेम्बर १९५२ उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको भनि शुक्लागण्डकी नगरपालिका १० नं वडा कार्यालयको च.नं १०११ मिति २०७८।११।०५ को पत्र र जिल्ला प्रशासन कार्यालय तनहुँको च.नं. ६७५३ मिति २०७८/११/०९ को पत्रमा लेखि आएकोले सोही व्यहोरा जानकारी गराईन्छ।

# विश्वकर्मा समाजद्वारा संचालित तीन दिने तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

विश्वकर्मा समाज (पर्वत, स्याङ्जा, कास्की) को आयोजना र पोखरा महानगरपालिका वडा नं. १० को बजेट व्यवस्थापनमा संचालन गरिएको तीन दिने महिला सशक्तिकरण र भाषणकला तालिम गण्डकी प्रदेशका सांसद राजकुमारी भुजेलको प्रमुख आतिथ्यताम सम्पन्न भयो।

तालिममा महिला सशक्तिकरणका विषयमा प्रशिक्षक अधिवक्ता कुञ्जनी परियार प्यासीले प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी भाषणकला तालिम पोखराको बरिष्ठ संचारकर्मी एभरेष्ट एफएमका स्टेशन मेनेजर दिपेन्द्र श्रेष्ठले दिनुभएको थियो । नेपालको संविधानले दिएको हक, अधिकार, समाजसेवामा घट्ने घटना, त्यसको उठान र कानुनी पाटोको बारेमा अधिवक्ता शिव सुनारले प्रशिक्षण दिनुभएको थियो भने समाज स्थापना गर्नुको कारण, यसको महत्व, कार्यदिशाका बारेमा समाजमा शिक्षा विभाग प्रमुख प्राध्यापक कृष्ण सुनारले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि सांसद राजकुमारी भुजेलले सबैभन्दा पहिला हिनताबोध हट्नुपर्छ, त्यसपछि सिकाइ जीवनको महत्वपूर्ण पाटो हो त्यसकारण




यस्ता अवसरहरु गुमाउनु हुँदैन भन्दै सिकीसकेका सकारात्मक राम्रा कुराहरु व्यवहारमा उतार्नुपर्ने बताउनुभयो। उहाँले व्यवहारमा खरो उत्रियौं भने कसैले हेप्न सक्दैन भन्दै आज तपाईँहरुले ३ दिनको सिकाईबाट धेरै कुार सिक्नुभएको बताउँदै अब हामी चुल्हो चौको कुरेर बस्ने होइन, सचेत भई अगाडि बढ्ने हो, आफ्नो अधिकार लिन आफै अगाडि बढ्नुपर्ने र अनेकतामा एकता यही समाज हो भन्नुभयो। उहाँले समाजले गरेका कामहरु धेरै राम्रा भएको बताउँदै यो नै तपाईंको बल हो, तपाईँहरुको सहयोग मैले पाइरहेको र अहिले प्रदेशको कानुन बनाउने ठाउँमा पुगेको त्यसमा दलित हक अधिार अवश्य समेटिने बताउनुभयो। वडा नं. १० का वडा सदस्य सुनिमाया नेपालीले यस समाजले कार्यक्रम गरीरहँदा महिला दिदीबहिनीहरुले धेरै सिक्ने अवसर पाउनु भएको बताउँदै यस्तै आवश्यक तालिम दिनका लागि वडा कार्यालयले सहयोग गर्ने बताउनुभयो। त्यसैगरी अतिथि भविन्द्र विश्वकर्माले ३ दिनसम्म सिकेका कुराहरु व्यवहारमा उतारेमा मात्र सफल भइने बताउनुभयो।

उक्त अवसरमा प्राध्यापक कृष्ण सुनराले समाज पछाडि पर्नुको मुख्य कारण शिक्षा नै भएकोले हिजो समाजका टाठाबाठाहरुले मात्रै पढ्न पाउने बताउँदै हिजो पठ्नपाउनकै कारण राज्यका उपल्ला निकायमा उनीहरु नै छन्, हकअधिकार पाउने उनीहरु नै छन्, अहिले त बाध्य भएर आरक्षण कोटा लागू गरेको हो, कोटामा पनि यो वा त्यो ढंगबाट उच्च वर्ग भनिने समुदायले नै प्रयोग गरिरहेका छन्, त्यसकारण यो वर्गले अध्ययन गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो। कार्यक्रममा अधिवक्ता शिव सुनारले अहिलेको शिक्षित युग, राजनैतिक चेतना आएको बेलामा पनि जातीय तथा छुवाछुत सम्बन्धी घटना घट्नु दुःखद भएको बताउँदै घटना घटाउने प्रति नरम बन्नु, माफी दिनु अझ घातक हुन्छ, संविधान ऐन कानुनले दिएअनुसार कारवाही अझ कडा भएमा बल्ल यस्ता घटना कम हुन्छ, त्यसकारण आवश्यक कार्यमा अधिवक्ता भएको कारणले म यस समाजलाई सक्दो सहयोग गर्नेछु भन्नुभयो। कार्यक्रममा शिक्षासेवी खड्ग गहतराज, प्रशिक्षार्थीहरु गीता सुनार र लक्ष्मी विश्वकर्माले बोल्नुभएको थियो । कार्यक्रमका सभापति चन्द्रकिशोर गौतमले समाजका सदस्यहरुलाई विभिन्न प्रकारका तालिम दिइ अगाडि बढाउने उद्देश्यले तालिमहरु संचालन गरिरहेको बताउँदै यसबाट सिकेर व्यवहारमा लगाएपछि मात्र समाज सक्षम हुने बताउनुभयो। उहाँले हामी एकताबद्ध भई समाजमा निरन्तर लागेको बताउँदै हामीलाई यो तालिम संचालन गर्न १० नं. वडा कार्यालयले बजेट व्यवस्थापन गरिएकोमा धन्यवाद व्यक्त गर्नुभयो। तालिममा ३५ जनाले प्रशिक्षण लिनुभएको थियो। कार्यक्रमको संचालन सचिव भिम बहादुर रसाइलीले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन उपाध्यक्ष श्याम रसाइलीले गर्नुभएको थियो।

# सांस्कृतिक पहिचान स्थापित गर्न जुटयो भुजेल समुदाय

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ बैशाख

तनहुँका भुजेल समुदाय यतिबेला आफ्नो सांस्कृतिक पहिचान स्थापित गर्ने अभियानमा जुटेका छन् । रकम जुटाएर उनीहरू पहिचानका लागि वेशभूषा, भाषा, धर्म, संस्कृतिको जगर्ना गर्न लागेका हुन् ।

अभियानअन्तर्गत तनहुँमा एकहप्ते संस्कार जगेर्ना कार्यक्रम गरिएको छ । भुजेल महिला समाज केन्द्रीय कार्यसमिति र भुजेल जिल्ला कार्यसमितिको संयुक्त रूपमा सो कार्यक्रम आयोजना गरिएको हो। पछिल्लो समय अल्पसङ्ख्यक भुजेल जातिमा सांस्कृतिक विचलन देखापरेकाले सांस्कृतिक पहिचानको संरक्षण तथा पुस्तान्तरणका लागि अभियान सञ्चालन गरिएको भुजेल समाज नेपाल केन्द्रीय कार्यसमितिको भाषा, संस्कार, सांस्कृतिक विभाग प्रमुख रेशम भुजेलले बताउनुभयो ।

अभियानअन्तर्गत २५ युवालाई संस्कार जगेर्ना कार्यक्रममा प्रशिक्षित गरिएको छ । जातिको आफ्नो छुट्टै धर्म, संस्कार, संस्कृति, भाषा, पहिरन र रीतिरिवाज रहेको भुजेल महिला समाज केन्द्रीय कार्यसमिति अध्यक्ष वसुन्धरा घर्ती भुजेलले बताउनुभयो। यो समुदायका युवा पछिल्लो समय आफ्नो संस्कार र संस्कृति छाडेर विचलनमा पर्न थालेकाले त्यसको संरक्षणका लागि अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो । संस्कृति हराए पहिचान हराउने चिन्ता भएकाले युवापुस्ताले मौलिक परम्परा, सीप, संस्कार र भाषाको ज्ञान दिलाउन प्रशिक्षण कार्यक्रम गरिएको भुजेल महिला समाजकी केन्द्रीय सचिव कला भुजेलले जानकारी दिनुभयो ।

कार्यक्रममा भुजेल जातिको जन्म, विवाह, मृत्यु संस्कारदेखि चाडपर्वका बारेमा ज्ञान दिन पूर्वदेखि पश्चिमका विज्ञहरूलाई बोलाएर प्रशिक्षण दिइएको आयोजकले जनाएको छ।

# रूपसे झरनामा पर्यटकीय पूर्वाधार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ बैशाख

पर्यटकको सहजताका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानास्थित रूपसे झरनामा पूर्वाधार निर्माण थालिएको छ।

चीन र भारतलाई जोड्ने कालीगण्डकी कोरिडोर, बेनी-जोमसोम-कोरला सडकको छेउमा रहेको रूपसे झरना अवलोकन गर्ने पर्यटकको सहजताका लागि अन्नपूर्ण गाउँपालिकाले रु तीन करोडभन्दा बढीको लागतमा पूर्वाधार निर्माण थालेको हो । सार्वजनिक शौचालय, फेदीदेखि झरनाको माथिल्लो भागसम्म पुग्ने पहाडमा फलामको रेलिङसहितको पदमार्ग, झ्याङ र खाजाघरलगायतका पूर्वाधार गर्न लागिएको अन्नपूर्ण गाउँपालिका-३ का वडा अध्यक्ष रमेश पुर्जाले बताउनुभयो । "सङ्घीय सरकारले रु तीन करोड ६४ लाख विशेष अनुदान उपलब्ध गराएको रूपसे झरना पर्यटन पूर्वाधार योजना कार्यान्वयनका लागि छनौट भएका निर्माण कम्पनीले काम थालेको छ," उहाँले भन्नुभयो "झरना परिसरमा व्यवस्थित पूर्वाधार बनाएर पर्यटकलाई सुरक्षित रूपमा अवलोकन गर्ने ब्यवस्था मिलाउने उद्देश्य रहेको छ।" विसं २०८१ जेठ ३० गते सुन्दर निर्माण सेवाले रु तीन करोड २३ लाख ५५ हजार ३६९ मा ठेक्का सम्झौता गरेको योजना विसं २०८२ पुस २५ गते सम्पन्न गर्ने लक्ष्य राखिएको छ। हालसम्म करिब २० प्रतिशत भौतिक प्रगति भएको अन्नपूर्ण गाउँपालिकाका सवइञ्जिनियर बालकृष्ण पौडेलले



जानकारी दिनुभयो। सडक छेउमा रहेको झरनाको फेदीमा कटान रोकथामका लागि पक्कि र पहिरो नियन्त्रण गर्न ग्यावीयन पर्खाल निर्माण भइरहेको छ। सो ठाउँको जग्गा सम्माएपछि प्रवेशद्धार, खाजाघर र टिकट काउन्टर बनाउने योजना रहेको वडा अध्यक्ष पुर्जाले बताउनुभयो। फेदीदेखि झरनाको माथिल्लो भागसम्म पुग्ने पदमार्ग बनाउन भिरमा फलामको रड राखेर 'रक एङ्करिङ' गरिएको छ।

करिब ३०० मिटर अग्लो झरनामा तीन वटा तह छन् । छङ्छङ् गर्दै झर्ने झरनामा इन्द्रेणी पर्दा आकर्षक देखिन्छ। झरनाको माथिल्लो तहदेखि बाजाढुङ्गा जोड्ने पदमार्ग, उद्यान, गोलघर र दृष्य अवलोकन स्थल बनाउन लागिएको छ। हिर्काउदा बाजाको आवाज सुनिने बाजाढुङ्गा परिसरदेखि रूपसे झरना, अन्धगल्छी र अन्नपूर्ण हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ। अन्नपूर्ण र धौलागिरि हिमालको बिचबाट बग्ने कालीगण्डकी नदीले कटान गरेर बनाएको संसारकै गहिरो खोच अन्धगल्छी रूपसे झरनाको नजिकै छ। विस २०७७ साउनमा रूपसे खोलामा आएको बाढीले त्यहाँ निर्माणाधिन पुल, होटल, पदमार्ग, लगायतका पूर्वाधार, पार्किङ गरेर राखिएका सवारीसाधन बगाउनुका साथै झरना र अन्धगल्छीलाई कुरूप बनाएको थियो । बाढीले क्षति पुऱ्याएका भौतिक संरचनाको पुनःनिर्माण र नयाँ पूर्वाधार थप गर्न लागिएको हो। झरना अवलोकन, तस्विर खिच्ने र भिडियो बनाउने क्रममा पर्यटक चिप्लिएर लड्ने, चोटपटक लाग्ने समस्या पूर्वाधार बनाएपछि हट्ने अपेक्षा गरिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । मुस्ताङ भ्रमणमा आउने सबै पर्यटकले रूपसे झरनामा घण्टौं समय बिताउँछन् । रूपसे झरनामा बिहानदेखि साँझसम्म अवलोकन गर्ने, तस्वीर र भिडियो खिचाउने पर्यटकको भीड लाग्ने गरेको वडासदस्य लालबहादुर पुनले बताउनुभयो।

# उत्पादन बढाउन आधुनिक खोर निर्माण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ बैशाख

स्याङ्जाको वालिङ नगरपालिकाका बाख्रा पालक कृषकहरु आधुनिक खोर निर्माणमा उत्साहित भएर लागेका छन्। नगरपालिकाले उत्पादन बढाउने योजना सहित आधुनिक खोर निर्माण र खोर सुधार कार्यक्रम सञ्चालन गरेसँगै कृषकहरु खोर निर्माणमा उत्साहित भएर लागेका हुन्।

परम्परागत र अस्तव्यस्त तबरबाट बाख्रा पाल्दै आएका कृषकहरु आधुनिक खोर निर्माणसँगै उत्पादन बढ्नेमा बिश्वस्त छन् । पालिकाले बाख्राको नश्ल सुधार गर्दै व्यवस्थित तरिकाबाट पालन गर्न कृषकलाई प्रेरित गर्दै आएको नगरपालिकाले जनाएको छ। अनुदानमा आधुनिक खोर निर्माण गरेकी वालिङ नगरपालिका-५ की एकमाया मल्लले आधुनिक खोर निर्माणका कारण गाउँमा छुट्टै उत्साह छाएको बताईन् । उनले भनिन् "परम्पारगत र अस्तव्यस्त



तरिकाबाट बाख्रा पाल्दै आएका थियौं, अब व्यवस्थित हुने भयो।" हाल १२ वटा बाख्रा पाल्दै आएकी मल्लले आधुनिक खोर निर्माणसँगै बाख्राको संख्या थप्ने योजना बनाएको सुनाईन्। गाउँका धेरै बाख्रा पालक कृषकले खोर बनाउने योजना बनाएका थिए।

मल्ल स्थानीय दिप्का बाख्रा पालन स्वावलम्बी महिला कृषक समूहकी अध्यक्ष हुन् । ३० जना महिला आवद्ध रहेको समूहका सदस्यहरु उत्पादन बढाउने अभियानमा लागेको समूहकी सचिव मथुरा शाहीले बताईन् । वालिङ नगरपालिका-५ मा १० जना कृषकले आधुनिक खोर निर्माण गरेको वडा अध्यक्ष छविलाल आलेले जानकारी दिए। नगरपालिका र हेफर प्रोजेक्ट नेपालको सहकार्यमा सञ्चालन भईरहेको 'वालिङ कृषि विकास परियोजना' मार्फत आधुनिक खोर निर्माण गरिएको आलेले बताए। उनका अनुसार कृषकले ५० प्रतिशत अनुदानमा बाख्राको आधुनिक खोर निर्माण गरेका हुन्।

बाख्राको नश्ल सुधार गर्दै उत्पादन बढाउने योजनाका साथ नगरपालिकाले वडा नं.१ देखि ७ सम्म विशेष योजना बनाएर काम गरिरहेको नगरप्रमुख कृष्ण खँणले बताए।। खाँणले भने, "साझेदार संस्थाहरुसँग मिलेर महिलालाई उत्पादनमा जोड्ने अभियान सुरु गरेका छौं।" वडाको पकेट क्षेत्र नै छुट्टाएर कृषि र पशुको क्षेत्रमा काम गरिरहेको प्रमुख खाँणको भनाई छ। बाख्रा पालनलाई ब्यवसायिक बनाउँदै उत्पादन बढाउने उद्देश्यले आधुनिक खोर निर्माण गरिएको प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताए। निर्वाहमूखी कृषि प्रणालीमा परिवर्तन गरी साना कृषकलाई आर्थिक रुपमा सबल बनाउने पालिकाको योजना रहेको सुबेदीले बताए । नगरपालिकाले सञ्चालन गरिरहेको परियोजना मार्फत वडा नं.४, ५ र ६ मा गरी २६ वटा आधुनिक बाख्राको खोर निर्माण गरिएको नगरपालिकाका पशु सेवा शाखा प्रमुख डाक्टर रोशन बश्यालले जानकारी दिए। आधुनिक खोर निर्माणसँगै कृषकलाई बाख्रा पाल्ने तरिका, हेरचाह र सरसफाई सम्वन्धी जानकारी दिदै आएको बश्यालले बताए।

# कुमाल गाउँका ८० जनाले सिके पाउदुरे नाच

**पोखरापत्र संवाददाता**
दमौली, २१ बैशाख

यहाँका ८० जना कुमाल समुदायले पाउदुरे नाच सिकेका छन् । एक सातासम्म चलेको प्रशिक्षणमा ८० जनाले यो नाच सिकेका हुन् ।

कुमाल समुदायको संस्कृति लोप हुँदै जान थालेपछि नयाँ पुस्तालाई नाच सिकाउन नेपाल कुमाल समाज तनहुँले व्यास नगरपालिका-९ कुमालगाउँमा एक सातासम्म प्रशिक्षण सञ्चालन गरेको थियो। गत वैशाख १५ गतेदेखि सुरु भएको प्रशिक्षण कार्यक्रम आज सम्पन्न भएको छ। प्रशिक्षणमा चार टोलीबाट ८० प्रशिक्षार्थी सहभागी भएको समाजका अध्यक्ष आलोक कुमालले जानकारी दिनुभयो।

जिल्लाभर विभिन्न ठाउँमा बसोबास गर्ने कुमाल समुदायलाई एकैठाउँमा भेला गरी पाउदुरे नाचबारे प्रशिक्षण दिइएको उहाँको भनाइ छ।



अध्यक्ष कुमालले भन्नुभयो, "कुमाल समुदायको यो संस्कृति लोप हुन नदिने हाम्रो मुख्य उद्देश्य हो। त्यसैले नयाँ पुस्तालाई पाउदुरेमा आकर्षित गर्न प्रशिक्षण सञ्चालन दिएका हौँ।" पाउदुरे, हेम्फाई, घाँटु, झ्याउरे, कौराहा आदि मौलिक संस्कृति भए भए पनि पछिल्लो समय अधिकांश लोप हुने अवस्थामा पुगेकाले संरक्षणमा जुटेको अध्यक्ष कुमालले बताउनुभयो। पाउदुरे नाच यहाँको घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको कलेस्ती कुमाल गाउँमा विशेष पर्वमा नाच्ने गरिन्छ । यस नाचको छुट्टै विधि भएकाले जहाँ पनि नचाउन सम्भव नहुने जानकारहरू बताउछन् । अध्यक्ष कुमाल भन्नुहुन्छ, "यो नाचका विभिन्न चरण हुने गर्छन् । गीतको मिठास महशुस गर्नका लागि गहिरिएर सुन्नुपर्छ जसमा रामायण खण्ड र कृष्ण चरित्र खण्डमा रहेर नाच नचाइने गरिन्छ।" रामायण खण्डमा रामको जन्मदेखि वनवाससम्मका गतिविधिलाई गीतको माध्यमबाट गाउने गरिन्छ र गीतकै पारामा बिजाबारे र मारुनीले नाच्ने गरिन्छ। यसैगरी कृष्ण चरित्र खण्डमा कृष्णबारे गाइन्छ। गीतको शैली फरक फरक भए पनि भाव एउटै हुन्छ। प्रशिक्षण समापन कार्यक्रममा व्यास नगर उपप्रमुख इन्दिरा दरैले संस्कार र संस्कृति बिर्सन नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "व्यास नगरपालिकाभित्र बसोबास गर्ने सबै जातजातिको कला, संस्कृति, रितीरिवाज संरक्षणमा प्रतिबद्ध छौं।"

जिल्लास्थित भानु, व्यास, शुक्लागण्डकी, भिमाद नगरपालिका तथा म्याग्दे र घिरिङ गाउँपालिकामा कुमाल समुदायको बसोबास रहेको छ। जिल्लाभर कुमाल समुदायको जनसङ्ख्या आठ हजार सात सय २७ रहेको कुमाल समाज तनहुँले जनाएको छ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२२)

**उपरोक्त सम्बन्धमा, पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्धारा पुतलीबजार, भीरकोट तथा वालिङ नगरपालिकामा रहेको आँधिखोला कोरीडोर (पुतली बजार- लम्की- भिरकोट- वालिङ नगरपालिका-आँधि मुहान) (२०.५०३ कि.मि) सडक स्तरोन्नति गर्न लागेको हुँदा सोसँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा सरोकारवालाहरुको सहभागितामा हुन गइरहेको हुदाँ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।**

**तपसिल**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०१/२३ | विहान ८:०० बजे | पुतलीबजार न.पा. १४ जफती फाँट, लामागे |
| २०८२/०१/२३ | विहान ११:४५ बजे | भीरकोट न.पा. वडा नं. ६ को कार्यालय |
| २०८२/०१/२३ | दिउँसो ३:०० बजे | वालीङ न.पा. वडा नं. ९ को कार्यालय |

**आयोजक**
**पुतलीबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश**